मिति- २०७६/११/०५

बैठक संख्या -१३

आज मिति २०७६ साल फाल्गुन ५ गते सोमवारका दिन आमचोक गाँउकार्यपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा तपशिल बमोजिमको कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णय गरी बैठक सञ्चालन गरियो ।

उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | अनुपस्थित |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | अनुपस्थित |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्रा राई | अनुपस्थित |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क | |
| १७ | सदस्य | श्री लक्षमण हायु | |
| १८ | सदस्य-सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्याङ्क अधिकृत | श्री धन कुमार राई | |
| २०. | प्रशासन अधिकृत | श्री बाबुराम केन्डी | |
| २१ | इन्जिनियर | श्री गजेन्द्र कुमार शाह | |

२०७६/११/०५

प्रमुख प्रशासकीय अधिकृत

०७६/११/०५

**प्रस्तावहरुः-**

१. वालांखा इलाका प्रहरी कार्यायको लागि जग्गा उपलव्धता सम्वन्धमा ।
२. प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा वजेट माग सम्वन्धमा ।
३. प्रदेश भौतिक पुर्वाधार विकास मन्त्रालयमा वजेट माग सम्वन्धमा ।
४. IEE गर्न सम्वन्धमा
५. जिन्सी सामान खरिद सम्वन्धमा
६. राजस्व परामर्श समिति सम्वन्धमा ।
७. लोकसेवा आयोग तयारी कक्षा संचालन सम्वन्धमा
८. सडक निर्माण सम्वन्धमा ।
९. प्रजातन्त्र दिवस २०७६ मनाउने सम्वन्धमा ।
१०. दन्त उपहार(उपचार) कार्यक्रम सम्वन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम ।
१२. सामाजिक सुरक्षा भत्ता सम्वन्धमा ।
१३. गाँउसभा वैठकको मिति सम्वन्धमा ।

**निर्णयहरुः**

**१.** उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाँउपालिका वालांखामा रहेको इलाका प्रहरी कार्यालय वांलाखाको नाममा रहेको २ रोपनी २ आना २ पैसा जग्गा रहेकोमा प्रहरी कार्यालयको भवन निर्माण सम्वन्धि मापदण्डमा कम्तिमा ५ रोपनी जग्गा हुन पर्ने व्यवस्था भएको तथा भवन निर्माणका लागि वजेट समेतको व्यवस्था भएकोले तत्कालका लागि अन्यन्त्र जमिन नभएंकोले हाल रहेको प्रहरी कार्यालयको जग्गासँग जोडिएको सार्वजनिक प्रति जमिन इलाका प्रहरी कार्यालय वालांखाको भवन निर्माण गर्ने प्रयोजनार्थ ३ रोपनी क्षेत्रफलको जग्गा उपयोग गर्न अनुमति दिने निर्णय गरियो ।

**२.** प्रदेश समपुरक वजेट अनुदानवाट यस गाँउपालिकाको हातिपाइले खानेपानी (एक घर एक धारा) आयोजनाका लागि प्रदेश सरकारवाट उपलव्ध गराएको १ करोड वजेट DPR (विस्तृत परियोजना प्रतिवेदन) अनुसारको वजेटको कुल लागतको मात्रा भन्दा अत्यन्तै न्युन भएकोले थप वजेटको व्यवस्थापन गरिदिनु भनि प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**३.** उपरोक्त प्रस्तावन नं ३ माथि छलफल भै एकुवाखोला साना जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन भइसकेको तथा उक्त अध्ययनले १ मेगावाट सम्म विद्युत उत्पादन हुने देखिएकोले DPR (विस्तृत आयोजना प्रतिवेदन) सर्भेका लागि आवश्यक व्यवस्था गरिदिन प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**४.** उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाँउपालिकाको पाँचौ गाँउसभा २०७५ ले पारित तथा निर्णय गरेको निर्णय नं ७ को शिर्षक नं ४११ चालु तर्फवाट खर्च व्यवस्थापन हुने गरी ढुंगा गिटी वालुवाका लागि IEE गर्ने निर्णय गरियो ।

**५.** उपरोक्त प्रस्ताव नं ५ माथि छलफल भै कार्यालयका लागि आवश्यक परि खरिद गरिएका ल्यापटप थान-५को खरिद अनुमोदन तथा जनेरेटर - थान १ (५ के.वि. क्षमता) खरिद गर्ने स्विकृति दिने निर्णय गरियो ।

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर

प्रमाणित

६. उपरोक्त प्रस्ताव नं ६ माथि छलफल भै राजस्व परामर्श समितिको मिति २०७६/११/०१ मा वसेको वैठकले तपशिलका निर्णय गरि कार्यान्वयका लागि अनुमोदन हुन भनि कार्यपालिकामा पेश भएका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

क. मालपोत /भुमिकर- चैत्र मसान्त भित्र संकलन गर्ने ।

ख. उद्योगी व्यापारी व्यवसायीहरुलाई आफ्नो व्यवसाय दर्ता तथा नविकरण गर्ने गराउने ।

७. उपरोक्त प्रस्ताव नं ७ माथि छलफल भै कार्यपालिकाको मिति २०७६/०९/०४ मा वसेको वैठकको प्रस्ताव नं ४ निर्णय नं ४ ले गरेको निर्णयानुसार लोक सेवा आयोग तयारी कक्षाका लागि विद्यार्थी पठाउने निर्णय भए वमोजिम छनौट भएका विद्यार्थीलाई परिक्षा तयारीका लागि रु ३०००००।०० अक्षेरुप तिन लाख तथा छात्रा/छात्रवास खाने वस्ने सहितको व्यवस्थाका लागि ३०००००।- अक्षेरुपी तीन लाख- गरि आमचोक गाँउपालिकाको पाँचौ गाँउसभा २०७५ ले पारित गरेको निर्णय नं १५ अन्तर्गत शिर्षक ५ संस्थागत विकास तथा सेवा प्रवाह र शुसासनको उपशिर्षक **५.१ जेहेन्दार युवाहरुलाई लोकसेवा कक्षा संचालन** शिर्षकमा विनियोजन गरिएको रकम रु ६,००,०००।- अक्षेरुपी छ लाख- लाई विभाजन गरि खर्च गर्ने निर्णय गरियो ।

८. उपरोक्त प्रस्ताव नं ९ माथि छलफल भै राष्ट्रिय प्रजातन्त्र दिवस २०७६ गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको संयोजकत्वमा तपशिल वमोजिमका पदाधिकारी रहेको आमचोक गाँउपालिका समारोह समिति गठन गर्ने निर्णय गरियो ।

| नाम | पद |
|---|---|
| १ अशोक राई | संयोजक |
| २ सिता राई (उपाध्यक्ष) | सह-संयोजक |
| ३ वडाध्यक्ष तथा कार्यपालिका सदस्य | सदस्य |
| ५ इलाका प्रहरी कार्यालय वालांखा/वयाङ प्रमुख/शसस्त्र प्रहरी प्रमुख यूँ | सदस्य |
| ६ याम वहादुर उपरकोटी(प्र.प्र.अधिकृत) | सदस्य/सचिव |
| ७. प्रध्यानाध्यापक (चण्डेश्वरी मावि) | सदस्य |
| ८ शिवदेव राई प्रतिनिधि ( उद्योग वाणिज्य संघ भोजपुर) | सदस्य |
| ९ धन कुमार राई (तथ्याङ्क अधिकृत) | सदस्य |
| १० वावुराम के.सी (प्रशासन अधिकृत) | सदस्य |

९. उपरोक्त प्रस्ताव नं १० माथि छलफल भै कार्यपालिकाको मिति २०७६/१०/०६ को वैठकको प्रस्ताव नं ४ निर्णय नं ४ को निर्णयानुसार दन्त उपचार/उपहार शिविर कार्यक्रममा भएको खर्च आमचोक गाँउपालिका स्थानिय विकास कोषवाट खर्च भुक्तानी हुने गरि खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

१०. उपरोक्त प्रस्ताव नं १३ माथि छलफल भै आमचोक गाँउपालिकाको छैठौं गाँउ सभा २०७६, चैत्र ७ मा वस्ने गरि मिति तोक्ने निर्णय गरियो ।

आमचोक गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय भोजपुर

प्रमुख प्रशासकीय अधिकृत